नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
मानव अङ्ग प्रत्यारोपण विकास समिति

# शहीद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्र

भक्तपुर

०१-६६१४७०९
०१-६६१४६५६

पत्र संख्या:- ८२/८३
च.नं.

## कर्मचारी सेवा करार सम्वन्धी सूचना

प्रकाशित मिति २०८२।०४।७

यस शहीद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रको लागि आवश्यक तपसिल बमोजिमका पदहरुमा सेवा करारमा कर्मचारी आवश्यक परेको हुँदा इच्छुक योग्य उमेदवारहरुबाट यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र दरखास्त आव्हान गरिन्छ । म्याद नाघी वा रीत नपुगी प्राप्त हुन आएको दरखास्त उपर कारबाही गरिने छैन ।

| विज्ञापन नं. | पद/ तह | न्यूनतम शैक्षिक योग्यता | संख्या | परीक्षा दस्तुर रु |
|---|---|---|---|---|
| ०१/८२/८३ | सिनियर रजिष्ट्रार/ रजिष्ट्रार कार्डियोथोरासिक तथा भास्कुलर सर्जरी (आठौं) | सिनियर रजिष्ट्रार : कार्डियोथोरासिक तथा भास्कुलर सर्जरी विषयमा एम.सि.एच गरेको वा एफ.आर.सि.एस (सि.टि.एच) अथवा एफ.सि.पि.एस. वा सो सरह डिग्री हासिल गरी एक बर्ष सम्बन्धित विषयमा कार्यानुभव भएको वा जनरल सर्जरी विषयमा एम.एस. गरी कार्डियोथोरासिक तथा भास्कुलर सर्जरी विषयमा दुई बर्ष फेलोसिप गरेको र एक बर्ष सम्वन्धित विषयमा कार्यानुभव भएको अथवा कार्डियोथोरासिक तथा भास्कुलर सर्जरी विषयमा एम. एस. गरी कम्तीमा तीन बर्ष प्रतिष्ठित संस्थामा रजिष्ट्रार वा सो सरह कार्य अनुभव भएको ।<br>रजिष्ट्रार : कम्तीमा कार्डियोथोरासिक तथा भास्कुलर सर्जरी वा सो सरह विषयमा एम.एस. वा सो सरह डिग्री हासिल गरेको । | १ | १२०० |
| ०२/८२/८३ | सिनियर रजिष्ट्रार/ रजिष्ट्रार प्रत्यारोपण शल्यचिकित्सा तथा हेपाटिको-प्याङ्क्रियाटो विलियरी सर्जरी (आठौं) | सिनियर रजिष्ट्रार : हेपाटिको-प्याङ्क्रियाटो विलियरी सर्जरी विषयमा एम.सि.एच गरेको अथवा वा एफ.आर.सि.एस (एच.पि.वि) अथवा एफ.सि.पि.एस. वा सो सरह डिग्री हासिल गरी एक बर्ष सम्बन्धित विषयमा कार्यानुभव भएको वा जनरल सर्जरी विषयमा एम.एस. गरी हेपाटिको-प्याङ्क्रियाटो विलियरी सर्जरी विषयमा दुई बर्ष फेलोसिप गरेको र एक बर्ष सम्बन्धित विषयमा कार्यानुभव भएको अथवा हेपाटिको-प्याङ्क्रियाटो विलियरी सर्जरी विषयमा एम.एस. गरी कम्तीमा तीन बर्ष प्रतिष्ठित संस्थामा रजिष्ट्रार वा सो सरह कार्य अनुभव भएको ।<br>रजिष्ट्रार : एम.एस. जनरल सर्जरी/एच.पि.बी सर्जरी/जि.आई. सर्जरी वा सो सरह गरी प्रत्यारोपणमा दुई बर्ष कार्यानुभव प्राप्त गरेको वा प्रत्यारोपण शल्यचिकित्सा तथा हेपाटिको-प्याङ्क्रियाटो विलियरी सर्जरीमा एम.एस वा सो सरह उत्तीर्ण गरेको । | १ | १२०० |
| ०३/८२/८३ | रजिष्ट्रार ग्याष्ट्रोइन्टेरोलोजी तथा हेपाटोलोजी (आठौं) | कम्तीमा ग्याष्ट्रोइन्टेरोलोजी तथा हेपाटोलोजी विषयमा एम.डी. वा सो सरह डिग्री हासिल गरेको वा एम.डी. जनरल मेडिसिन गरेर ग्याष्ट्रोइन्टेरोलोजी तथा हेपाटोलोजीमा फेलोसिप गरेको । | १ | १२०० |
| ०४/८२/८३ | रजिष्ट्रार रेडियोलोजी (आठौं) | कम्तीमा रेडियो डायग्नोसिस विषयमा एम.डी. वा सो सरह डिग्री हासिल गरेको । | १ | १२०० |
| ०५/८२/८३ | मेडिकल अधिकृत (आठौं) | एम.बि.बि.एस. वा सो सरह उत्तीर्ण गरेको । | ४ | १२०० |
| ०६/८२/८३ | स्टाफ नर्स (पाचौं) | नर्सिङ विषयमा कम्तीमा प्रविणता प्रमाणपत्र तह उत्तीर्ण गरी नेपाल नर्सिङ्ग काउन्सीलमा दर्ता गरेको । | ११. | ४०० |
| ०७/८२/८३ | ल्याब टेक्निसियन (पांचौं) | कम्तीमा मेडिकल ल्याब टेक्नोलोजी विषयमा प्रविणता प्रमाणपत्र तह उत्तीर्ण । | ३ | ४०० |
| ०८/८२/८३ | हेमोडायलाइसिस टेक्निसियन (चौथो) | कम्तीमा वायोमेडिकल टेक्निसियन तालीम हासिल गरी मेडिकल उपकरण मर्मत सम्बन्धी २ वर्षको कार्यानुभव भएको वा कम्तीमा प्रविणता प्रमाणपत्र तह पास गरी इलेक्ट्रोनिक्स विषयमा १ वर्ष टेक्निसियन तालीम र ६ महिना हेमोडायलाइसिस मेसिन मर्मत सम्बन्धीतालीम प्राप्त गरेको । | १ | ४०० |

(क) दरखास्त निवेदन साथ न्यूनतम शैक्षिक योग्यताका प्रमाणपत्रहरु (अ) लब्धाङ्कपत्र (आ) चारित्रिक प्रमाणपत्र,(इ) नेपाली नागरिकताको प्रमाणपत्र (ई) सम्बन्धित काउन्सील दर्ताका प्रमाणपत्रहरु (उ) अनुभवका प्रमाणित प्रतिलिपि (ऊ) हालसालै खिचेको ३ प्रति पासपोर्ट साइजको फोटो पेश गर्नुपर्ने छ ।
(ख) दरखास्त फारम साथ परिक्षा शुल्क तिरेको रसिद वा भौचर फारमका साथ प्रशासन शाखामा पेश गर्नुपर्ने छ ।
(ग) तलब र सुविधा : मानव अङ्ग प्रत्यारोपण केन्द्र विकास समितिले तोके बमोजिम हुनेछ ।
(घ) छनौटको किसिम : लिखित/अन्तवार्ता ।
(ङ) दरखास्त बुझाउनुपर्ने स्थान : शहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्र (मानव अंग प्रत्यारोपाण केन्द्र), भक्तपुर ।
(च) न्यूनतम शैक्षिक योग्यताका साथै उच्च शिक्षाको डिग्री र सम्बन्धित विभागमा अतिरिक्त कार्यानुभव भएकालाई विशेष ग्राहयता दिइने छ ।
(छ) तोकिएको म्याद भित्र दाखिला नभएको वा न्यूनतम शैक्षिक योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन ।
(ज) परिक्षा शुल्क केन्द्रको माछापुच्छ्रे बैंकको खाता नं. १७००९९०८२३६०००१८ मा जम्मा गरेको भौचर पेश गर्नु पर्नेछ ।
(ज) सम्पर्क मिति : २०८२।०४।३० गते परिक्षा सम्बन्धी थप जनाकारी Web Site www.hotc.org.np र सूचनापाटीमा

CamScanner

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
मानव अङ्ग प्रत्यारोपण विकास समिति
शहीद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्र
भक्तपुर

०१-६६१४७०९
०१-६६१४६५६

पत्र संख्या:- ८२/८३
च.नं.

## ट्रान्सप्लान्ट विषयमा Fellowship कार्यक्रममा भर्ना सम्बन्धि सुचना

प्रकाशित मिति २०८२।०४।७

यस केन्द्रमा संचालन हुने ट्रान्सप्लान्ट विषयको Fellowship in Kidney Transplant Medicine कार्यक्रममा भर्ना हुन ईच्छुक उम्मेदवारका लागि यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र दरखास्त आह्वान गरिएको छ ।

| क सं | विषय | सिट संख्या | आवश्यक न्युनतम योग्यता |
|---|---|---|---|
| १ | Fellowship in Kidney Transplant Medicine | 1 (One) | - MD Internal medicine with 2 years' experience, MD Nephrology or equivalent degree holders , DM Nephrology , |

१ भर्नाको लागि योग्य हुन प्रवेश परीक्षामा कम्तिमा ५० प्रतिसत अंक प्राप्त गर्नु पर्नेछ ।

२ नेपाल सरकारको सेवामा कार्यरत स्थायी चिकित्सकहरुले आफु अन्तर्गत मन्त्रालयको पूर्व स्वीकृति, स्थायी नियुक्तिको प्रतिलिपी र अध्ययन विदाको लागि योग्य भएको प्रमाण अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

३ Fellowship कार्यक्रमको शुल्कको हकमा कन्द्रले तोके बमोजिम हुनेछ ।

४ भर्ना शुल्क परिक्षा शुल्क निवाह भत्ता (Stipend) र अन्य सेवा सिवधा तथा सर्तहरु मानव अंग प्रतयारोपण विकास समितिले तोके बमोजिम हुने छ ।

५ परिक्षा मिति र परिक्षा केन्द्र सम्पर्क मितिमा तोकिने छ ।

६ रीत नपुगी प्राप्त आवेदन रद्द गर्न सकिनेछ । फारम भर्नु अघि Fellowship कार्यक्रमको बारेमा विस्तृत जानकारी लिनु हुन अनुरोध छ ।

७ Fellowship तालिम प्राप्त गरे पश्चात कम्तीमा २ बर्ष उपत्यका वाहिरको नेपाल सरकारले तोकेको सरकारी अस्तालमा सेवा गर्नु पर्ने छ ।

८ परीक्षा शुल्क वापत रु ३६०० तिन हजार छ सय रुपैंया फिर्ता नहुने गरी केन्द्रको माछापुच्छ्रे बैंक खाता नं १७००९९०८२३६०००१८ मा जम्मा गरेको बैंक भौचर पेश गर्नु पर्नेछ ।

थप जानकारी लागि यस केन्द्रको सूचनापाटीमा र वेव साइडमा हेर्न सकिनेछ ।

CamScanner